## लोक सेवा आयोगबाट लिइने खुला प्रतियोगितात्मक लिखित परीक्षासम्बन्धी

# नेपाल आयल निगम लिमिटेडको सूचना

**(सूचना नम्बर : १०/२०७९-८०)**

यस निगममा रिक्त रहेका देहाय बमोजिमका पदहरू खुला प्रतियोगिताद्वारा छनोट गरी स्थायी रूपमा पूर्ति गर्नका लागि इच्छुक योग्य नेपाली नागरिकहरूबाट https://erecruitment.nepaloil.org.np/ मा गई online मार्फत यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिनभित्र र दोब्बर दस्तुर तिरी म्याद सकिएको मितिले ७ दिनभित्र दरखास्त फाराम पेस गर्नुहुन आह्वान गरिएको छ। दरखास्त पेस गर्ने सम्बन्ध विस्तृत जानकारी उक्त वेबसाइटमा दिइएको व्यहोरा अनुरोध छ।

| सि.नं. | पद/तह | सेवा/समूह | विज्ञापन नं. | खुला/समावेशी | माग पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | निर्देशक/तह १० | -/- | ४७/२०७९-८० | महिला | १ | कुनै पनि विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व रहेको कुनै संगठित संस्थामा अधिकृत स्तरको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त। |
| २. | प्रवन्धक (मेकानिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ४८/२०७९-८० | महिला | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र नेपाल सरकार वा कुनै संगठित संस्थामा अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त। |
| ३. | प्रवन्धक (पेट्रोलियम)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ४९/२०७९-८० | खुला | १ | |
| ४. | प्रवन्धक (इलेक्ट्रिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ५०/२०७९-८० | खुला | १ | |
| ५. | प्रवन्धक (इन्भारोमेन्ट)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ५१/२०७९-८० | खुला | १ | |
| ६. | प्रवन्धक (केमिकल)/तह ८ | प्राविधिक/इन्जिनियरिङ | ५२/२०७९-८० | खुला | १ | |
| ७. | उपप्रवन्धक (सि.ए.)/तह ७ | अप्राविधिक/लेखा | ५३/२०७९-८० | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष उत्तीर्ण। |
| ८. | सहायक प्रवन्धक (प्रशासन)/तह ६ | अप्राविधिक/प्रशासन | ५४/२०७९-८० | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| | | | ५५/२०७९-८० | महिला | १ | |
| | | | ५६/२०७९-८० | आ.ज. | १ | |
| | | | ५७/२०७९-८० | पि.क्षे. | १ | |
| ९. | सहायक प्रवन्धक (लेखा)/तह ६ | अप्राविधिक/लेखा | ५८/२०७९-८० | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, जनप्रशासन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| | | | ५९/२०७९-८० | महिला | २ | |
| | | | ६०/२०७९-८० | मधेशी | १ | |
| १०. | सहायक प्रवन्धक (मेकानिकल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ६१/२०७९-८० | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| | | | ६२/२०७९-८० | आ.ज. | १ | |
| ११. | सहायक प्रवन्धक (इलेक्ट्रिकल)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ६३/२०७९-८० | खुला | १ | |
| १२. | सहायक प्रवन्धक (पेट्रोलियम)/तह ६ | प्राविधिक/इन्जिनियरिङ | ६४/२०७९-८० | आ.ज. | १ | |
| १३. | सहायक प्रवन्धक (ल्याव)/तह ६ | प्राविधिक/ल्याव | ६५/२०७९-८० | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा स्नातकोत्तर तह वा सोसरहको परीक्षा उत्तीर्ण। |
| | | | ६६/२०७९-८० | आ.ज. | १ | |
| १४. | सहायक प्रवन्धक (कम्प्युटर/आइ.टि.)/तह ६ | प्राविधिक/विविध | ६७/२०७९-८० | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| १५. | बरिष्ठ सहायक (प्रशासन)/तह ५ | अप्राविधिक/प्रशासन | ६८/२०७९-८० | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| | | | ६९/२०७९-८० | आ.ज. | १ | |
| १६. | बरिष्ठ सहायक (लेखा)/तह ५ | अप्राविधिक/लेखा | ७०/२०७९-८० | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्क शास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| | | | ७१/२०७९-८० | महिला | १ | |
| | | | ७२/२०७९-८० | आ.ज. | १ | |
| १७. | बरिष्ठ सहायक (सिभिल)/तह ५ | प्राविधिक/इन्जिनियरिङ | ७३/२०७९-८० | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको। |
| १८. | बरिष्ठ सहायक (ल्याव)/तह ५ | प्राविधिक/ल्याव | ७४/२०७९-८० | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। |
| | | | ७५/२०७९-८० | मधेशी | १ | |
| १९. | सहायक (ल्याव)/तह ४ | प्राविधिक/ल्याव | ७६/२०७९-८० | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय अन्तर्गत केमिस्ट्री विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको। |
| | | | ७७/२०७९-८० | महिला | १ | |
| | | | ७८/२०७९-८० | अपाङ्ग | १ | |
| २०. | सहायक (इलेक्ट्रिकल-मिस्त्री)/तह ४ | प्राविधिक/इन्जिनियरिङ | ७९/२०७९-८० | खुला | २ | T-SLC, SLC वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण र मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट इलेक्ट्रिकल सम्बन्धी कम्तीमा १ वर्षको तालीम अथवा इलेक्ट्रिकल कामको ३ (तीन) वर्षको अनुभव प्राप्त गरेको। |
| २१. | टेक्निसियन/तहविहीन | प्राविधिक/इन्जिनियरिङ | ८०/२०७९-८० | खुला | ५ | T-SLC परीक्षा वा प्रवेशिका परीक्षा (SEE Grade-C) उत्तीर्ण गरी सम्बन्धित विषयमा ६ महिनाको तालीम वा सम्बन्धित क्षेत्रमा २ (दुई) वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| | | | ८१/२०७९-८० | महिला | १ | |
| | | | ८२/२०७९-८० | आ.ज. | २ | |
| | | | ८३/२०७९-८० | दलित | १ | |
| २२. | बाउजर अप्रेटर/तहविहीन | प्राविधिक/इन्जिनियरिङ | ८४/२०७९-८० | खुला | ७ | आठ कक्षा उत्तीर्ण गरेको र भारी सवारी चालक अनुमति प्राप्त गरी भारी सवारी चलाएको एक वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| | | | ८५/२०७९-८० | आ.ज. | १ | |

**नोट :**

१. उपर्युक्त अनुसार सबै पदहरूको परीक्षा केन्द्र काठमाडौंमा हुनेछ सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट लिइनेछ। लिखित परीक्षा कार्यक्रम लोक सेवा आयोगबाट प्राप्त भए पश्चात् प्रकाशन गरिनेछ।

२. उमेरको हदमा दरखास्त दिने अन्तिम मितिसम्म तहविहीन, तह ४ र ५ को हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको एवं तह ६ र ७ को हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर महिला एवं अपाङ्ग उम्मेदवारको हकमा भने दरखास्त दिने अन्तिम मितिसम्म उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर निगमको सेवाको पदमा स्थायी बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

३. दरखास्त दिने उम्मेदवारका लागि परीक्षा दस्तुर : तह १० का लागि रु. १,२००।-, तह ८, ७ र ६ का लागि रु. १,०००।-, तह ५ का लागि रु. ४००।-, तह ४ का लागि रु. ३००।- र तहविहीनका लागि रु. २००।- रहेको छ तर एउटै पदका लागि १ भन्दा बढी समावेशीमा दरखास्त दिने भएमा प्रति समावेशी तह ६ का लागि रु. ४००।-, तह ५ का लागि रु. २००।-, तह ४ का लागि रु.१५०।- र तहविहीनका लागि रु. १००।- थप परीक्षा दस्तुर रकम बुझाउनु पर्नेछ।

४. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाण पत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

६. पाठ्यक्रम निगमको वेबसाइट www.noc.org.np/syllabus बाट प्राप्त गर्न सकिनेछ।

७. दरखास्त साथ आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्मका प्रमाणित प्रमाण पत्रहरू पेस गर्नुपर्नेछ।

८. प्राविधिक सेवा, इन्जिनियरिङ समूह, तह ६ र सोभन्दा माथिका पदहरूका लागि इन्जिनियरिङ परिषद्मा दर्ता भएको प्रमाण पत्र पेस गर्नुपर्नेछ।

९. निगमको कर्मचारी प्रशासन विनियमावली, २०६३ (संशोधन सहित) को विनियम ४.२ (१०) बमोजिम निगमको सेवामा एक पटक आरक्षण सुविधा उपभोग गरिसकेका कर्मचारीहरूले पुनः कुनै पनि आरक्षण सुविधा प्राप्त गर्न सक्ने छैन। साथै, कार्यरत कर्मचारीहरूले आरक्षण सुविधा लिए/नलिएको व्यहोरा स्वयं घोषणा गर्नुपर्नेछ।

**पदपूर्ति समिति**
**नेपाल आयल निगम लिमिटेड**